बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

हेटौंडा, नेपाल

०८०/८१

पत्र सङ्ख्या :-
चलानी नं. :- 3055

मिति २०८१/०२/०४

विषय: मनोनयन/अध्ययन बिदा/असाधारण बिदा सम्बन्धमा।

श्री स्थानीय तह, (सबै)
बागमती प्रदेश ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८०।०२।१८ च.न. ६७० को परिपत्र अनुसार स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारी र लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्त भएका स्थानीय तहका कर्मचारीको अध्ययन पूर्व स्वीकृति तथा वैदेशिक अध्ययन/तालिममा मनोनयन र अध्ययन तथा असाधारण बिदा निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० बमोजिम यस प्रदेशका प्रमुख सचिवबाट स्वीकृत हुनेगरेको व्यहोरा अवगत नै छ।

सो सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१।०१।३१ च.नं. ६९२ को परिपत्रबाट उल्लिखित कार्यहरु स्थानीय तहका कर्मचारी व्यवस्थापन सम्बन्धी प्रदेश कानून बनिसकेको हकमा सोही कानून बमोजिम गर्नुहुन भनी निर्देशन प्राप्त भएकाले यस प्रदेश अन्तर्गतका स्थानीय तहको कर्मचारी व्यवस्थापनका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ कार्यान्वयनमा रहेको तथा उक्त ऐनमा स्थानीय तहका कर्मचारीको अध्ययन पूर्व स्वीकृति तथा वैदेशिक अध्ययन/तालिममा मनोनयन र अध्ययन तथा असाधारण बिदा स्वीकृति सम्बन्धी व्यवस्था भएकाले सोही अनुसार आवश्यक कारवाही गर्नुहुन मिति २०८१।०२।०४ को निर्णयानुसार अनुरोध छ।

(सुरेन्द्र कार्की)
अधिकृत आठौं

फोन नं.: ०५७-५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स: ०५७-५२९५०७, वेबसाइट: www.ocmcm.bagamati.gov.np, ईमेल: ocmcm@bagamati.gov.np